## वैठक नं. ३५

मितिः २०८३।०३।०८ गते सोमबार जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट र जिल्ला प्रहरी कार्यालय जाजरकोटको संयुक्त आयोजनामा सरकारी वकील र अनुसन्धान अधिकृतबीच सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन जिल्ला प्रहरी कार्यालय जाजरकोटमा वैठक बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

**सरकारी वकील**

जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल, जिसवका जाजरकोट

सहायक जिल्ला न्यायाधिवक्ता श्री डिल्लीराज ज्ञवाली, जिसवका जाजरकोट

**प्रहरी अनुसन्धान अधिकृत**

जिल्ला प्रहरी कार्यालय, जाजरकोट

प्रहरी नायव उपरीक्षक श्री बुद्धि सागर पुरी, कार्यालय प्रमुख

प्रहरी निरीक्षक श्री सुमन गैह्रे

प्रहरी निरीक्षक श्री विवेककुमार रसाईली

**अनुसन्धान सहायक**

प्रहरी सहायक निरीक्षक श्री राजु सार्की

प्रहरी हवल्दार श्री मिमबहादुर रोकाय

प्रहरी सहायक हवल्दार श्री यामबहादुर वली

**छलफलका विषयहरू:**

१) प्रारम्भिक अनुसन्धान प्रतिवेदन बुझाएसँगै म्याद थपकै क्रममा अनुसन्धान गर्ने निकाय र सरकारी वकील कार्यालयमा मिसिल अद्यावधिक गरी कागजातहरु बुझाउने सम्बन्धमा।

२) अपराध पीडितलाई मनोसामाजिक परामर्श उपलव्ध गराउन र पीडितको पुनर्स्थापना र सामाजिकीकरणका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने सम्बन्धमा ।

३) मुद्दाको शुरुवात चरणदेखि अनुसन्धान अधिकारीले सरकारी वकीलसँग प्रभावकारी समन्वय गर्ने सम्बन्धमा ।

४) अभियुक्त/कानूनको विवादमा परेका बालबालिका फरार रहेका मुद्दाको अनुसन्धान टुँगो लगाई पेश गर्ने सम्बन्धमा
५) भवितब्य प्रकृतिका मुद्दाको अनुसन्धान टुँगो लगाई पेश गर्ने सम्बन्धमा ।
६) हदम्यादलाई विचार गरेर अनुसन्धानमा रहेका फाईलहरु निर्णयका लागि पेश गर्ने सम्बन्धमा ।

निर्णयहरु

१) विषय नं १ का सम्बन्धमा छलफल गर्दा महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनामा निर्दिष्ट गरे अनुरुप प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्राप्त हुनासाथ अपराध दर्ता कितावमा विवरण प्रविष्ट गरी प्रमाणित नक्कल मिसिलमा क्रमश: अद्दावधिक गर्दै जाने भन्ने निर्देशन अनुरुप अनुसन्धान गर्ने निकायले अनुसन्धान अधिकारीबाट नक्कल प्रमाणित गरी म्याद थपकै क्रममा सक्कल फाईलमा समावेश भएका अनुसन्धानका क्रमका कागजातहरु सरकारी वकील कार्यालयको नक्कल मिसिलमा समेत पञ्जिका बमोजिम स्पष्ट बुझिने फोटोकपी गरी मिसिल संलग्न गर्ने निर्णय गरियो । श्रब्य दृश्य प्रमाणहरु समेत अनुसन्धान अधिकृतबाट प्रमाणित गरी श्रब्य दृश्य सामाग्रीमा भएका ब्यहोराहरु उल्लेख गरी प्रमाणित गरी सक्कल र नक्कल मिसिलमा संलग्न गर्ने निर्णय गरियो । सरकारी वकील कार्यालयमा मिसिल अद्दावधिक हुँदै जाँदा अनुसन्धानकै चरणमा सरकारी वकीलबाट मिसिल पूर्ण रुपमा अध्ययन गरी प्रभावकारी रुपमा अनुसन्धान गर्नका लागि अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिई प्रमाण संकलनमा सहयोग पुग्नुका साथै अभियोजन गर्ने निकाय सरकारी वकील र अनुसन्धान गर्ने निकाय प्रहरीबीच प्रभावकारी समन्वय र अनुसन्धान गर्न मद्दत पुग्न सघाउ पुर्याउँछ ।
२) विषय नं २ का सम्बन्धमा छलफल गर्दा अपराध पीडितलाई मनोसामाजिक परामर्श उपलव्ध गराउन र पीडितको पुनर्स्थापना र सामाजिकीकरणका लागि सरकारी वकील कार्यालय र प्रहरी कार्यालयले सरोकारवाला निकायसँग समन्वयकारी भूमिका निर्वाह गरी प्रभावकारी रुपमा सहयोग गर्ने निर्णय गरियो ।
३) विषय नं ३ का सम्बन्धमा छलफल गर्दा प्रहरी अनुसन्धान अधिकारी समक्ष कसूरको सूचना प्राप्त हुने वित्तिकै सरकारी वकीललाई कसूरको जानकारी गराई कसूरको अनुसन्धान र अभियोजन कार्य सम्पन्न गर्ने कार्यमा प्रहरी अनुसन्धान अधिकारी र सरकारी वकील बीच प्रभावकारी समन्वय गर्ने निर्णय गरियो ।
४) विषय नं ४ का सम्बन्धमा छलफल गर्दा कसूर भएको तथा अभियुक्त/कानूनको विवादमा परेका बालबालिकाको संलग्नता अनुसन्धानबाट पुष्टि भइरहेको अवस्थामा अभियुक्त/कानूनको विवादमा परेका बालबालिका फरार रहेका मुद्दाहरुको अनुसन्धान टुङ्गाई सरकारी वकील समक्ष अभियोजन निर्णयका लागि पेश गर्ने निर्णय गरियो ।

अभियुक्त/कानूनको विवादमा परेका बालबालिका फरार रहेको भनी मुद्दा अनुसन्धानमा राखिरहँदा पीडितले क्षतिपूर्ति पाउनुपर्ने मागदावी लिनुपर्ने मुद्दाहरुमा पीडितको क्षतिपूर्तिको हकमा असर पर्ने, मुद्दाको साक्षीहरु सम्पर्कमा नहुँदा मुद्दा हेर्ने अधिकारी र अदालतमा वकपत्रमा हुँदा साक्षीहरुको उपस्थिति नहुने तथा कर्तब्य ज्यान जस्ता असिमित हदम्याद भएका मुद्दाहरुमा क्यौं वर्षको अन्तरालमा पेश हुँदा प्रत्यक्षदर्शी र कसूरको जानकार व्यक्तिहरु नभेटिने तथा साक्षीहरुको मृत्यु समेत भइसकेको अवस्था समेत सिर्जना हुँदा पीडितको न्याय पाउने र क्षतिपूर्तिको हकमा समेत असर पुग्ने भएकाले यस किसिमका मुद्दाहरुको प्रहरी अनुसन्धान अधिकारी र सरकारी वकील बीच समन्वय गरी छिटो अनुसन्धान टुङ्गाई अभियोजन निर्णयका लागि पेश गर्ने निर्णय गरियो ।

५) विषय नं ५ का सम्बन्धमा छलफल गर्दा कर्तब्यको उजुरी नपरेका भवितब्य प्रकृतिका मुद्दाहरुको २ वर्षे हदम्याद रहेकोमा कर्तब्यबाट मृत्यु भएको अवस्था अनुसन्धानबाट नदेखिएकोमा वारदात भएको ६ महिना भित्र भवितब्य प्रकृतिका मुद्दाहरुको अनुसन्धान टुङ्गाई सरकारी वकील समक्ष निर्णयका लागि पेश गर्ने ।

६) विषय नं ६ का सम्बन्धमा छलफल गर्दा अनुसन्धान गर्दै जाँदा अभियुक्त/कानूनको विवादमा परेका बालबालिकाको कसूरमा संलग्नता नदेखिएको अवस्थामा त्यस किसिमका मुद्दाहरुमा मुद्दा नचलाउने अन्तिम टुङ्गो लगाउन जिल्ला सरकारी वकील कार्यालयको सरकारी वकीलको निर्णयसँगै मुद्दाको फाईल तह तह हुँदै उच्च सरकारी वकील कार्यालय हुँदै महान्यायाधिवक्ताको कार्यालयमा अन्तिम निर्णयका लागि पठाउनुपर्ने भएकाले मुद्दाहरुको हदम्यादलाई समेत विचार गरी अनुसन्धान टुङ्गो लगाई अनुसन्धानमा रहेका फाईलहरु निर्णयका लागि सरकारी वकील समक्ष पेश गर्ने निर्णय गरियो । हदम्यादलाई विचार गर्दा तीन महिना हदम्याद भएका मुद्दाहरुमा हदम्याद सकिनु भन्दा २ महना भित्र, ४ महिना देखि ६ महिना हदम्याद हदम्याद सकिनुभन्दा ३ महिना भित्र, ६ महिना भन्दा बढि १ वर्ष सम्म हदम्याद सकिनुभन्दा चार महिना भित्र, एक वर्ष भन्दा बढि हदम्याद भएका मुद्दाहरुमा हदम्याद सकिनु भन्दा भन्दा कम्तिमा ६ महिना अघि पेश गर्ने । कर्तब्य ज्यान लगायत असिमित हदम्याद भएका तथा प्रतिवादी फरार रहेका मुद्दाको अनुसन्धान प्रगति प्रतिवेदन ६।६ महिनामा सरकारी वकील समक्ष पेश गर्ने तथा अनुसन्धान अधिकृत र सरकारी वकील बीचको वैठकमा छलफल गर्ने निर्णय गरियो।

२०८३।३।८